STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ २० गते बिहीबार ❑ 3 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## जेठ ४ भित्रै स्थानीय तहको निर्वाचन हुनुपर्छ : एमाले अध्यक्ष ओली

**रासस**
**काठमाडौं, १९ माघ**

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले स्थानीय तहको निर्वाचन जेठ ४ भित्रै हुनुपर्ने बताउनुभएको छ।

बुधबार भक्तपुरको गठ्ठाघर स्थित एकपार्टी प्यालेसमा सम्पन्न केन्द्रीय सचिवालय बैठकमा पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका एमाले अध्यक्ष ओलीले निर्वाचन आयोगले सिफारिस गरेको मितिमै स्थानीय तहको निर्वाचन हुनुपर्ने बताउनुभएको हो।

सरकार संविधान कार्यान्वयन, सङ्घीयताको कार्यान्वयन र लोकतान्त्रिक अभ्यासमा लाग्नुभन्दा सत्ता स्वार्थमा केन्द्रित रहेको आरोप लगाउँदै उहाँले कानून एवं संविधानबमोजिम फागुनभित्र निर्वाचन गर्न एमालेले पटकपटक ध्यानाकर्षण गराउँदा पनि नगरेको बताउनुभयो। कोरोनाविरुद्धको २४ लाख खोप हराउनु सरकारको गम्भीर लापरवाही भएको भन्दै छानविन पनि नहुनु दुर्भाग्य भएको उहाँले टिप्पणी गर्नुभयो। एमाले केन्द्रीय सचिवालय बैठकले स्थानीय तहको निर्वाचनको मिति तत्काल घोषणा गर्न माग गरेको छ। बैठकपछि सञ्चारकर्मीलाई बैठकको निर्णयबारे जानकारी दिँदै एमाले प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले स्थानीय तहको मिति भोलि बिहीबारसम्म नतोके सातै प्रदेश र केन्द्रबाट दबाबमुलुक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको जानकारी दिनुभयो। एमालेले राष्ट्रियसभा निर्वाचनमा अन्तर्घात गर्नेलाई कारबाही गर्ने भएको छ। बैठकले राष्ट्रियसभा सदस्य निर्वाचनमा प्रदेश १ र सुदूरपश्चिममा भएको अनुशासन उल्लङ्घन एवं अन्तर्घातको छानविन गर्न कारवाहीका लागि सिफारिस गर्न प्रदेशलाई निर्देशन दिएको उहाँले जानकारी दिनुभयो।

केही दिन अगाडि पार्टी छोडेकी तुलसीपुर उपमहानगरपालिकाका उपप्रमुखलाई निष्काशन गर्ने निर्णय सचिवालय बैठकले गरेको जानकारी दिँदै प्रचार विभाग प्रमुख गुरुङले रौतहट र पर्सामा जिल्ला अधिवेशनमा देखिएको विवाद समाधान गर्न केन्द्रीय सङ्गठन विभागलाई जिम्मेवारी दिइएको जानकारी दिनुभयो।

बैठकले यसैसाता केन्द्रमा प्रशिक्षण कार्यक्रम गर्ने, प्रदेशमा पनि कार्यक्रम सञ्चालन गर्ने, आफूहरूले गरेको राम्रा कामको प्रचार गर्दै स्थानीय तह निर्वाचन जित्ने रणनीतिका साथ अगाडि बढ्ने गुरुङले जानकारी दिनुभयो। बैठकले महिला, युवा, विद्यार्थी र किसान महासङ्घबाहेकका अन्य जनसङ्गठनको महाधिवेशन प्रक्रिया अघि बढाउने निर्णय गरेको, पार्टीको नियमावली, जनसङ्गठनको निर्देशिका पारित गरेको र सहकारी तथा स्थानीय निकाय विभागमा सदस्य थप्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो। चैत महिनासम्म पार्टी सदस्यता वितरण र नवीकरण गरिसक्ने निर्णय गर्दै बैठकले पार्टी सदस्यतासम्बन्धी अभिलेख राख्न प्रत्येक जिल्लामा आइटी विज्ञ राख्ने एमालेले निर्णय गरेको छ।

## विविधतापूर्ण संस्कृति नेपालको मौलिक पहिचान : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ माघ**

गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले विविधतापूर्ण संस्कृति नेपालको मौलिक पहिचान भएको बताउनुभएको छ।

तामाङ समुदायले नयाँ वर्षका रूपमा मनाउने सोनाम ल्होसारको अवसरमा बुधबार शुभकामना दिँदै उहाँले सोनाम ल्होसारले नेपाली समाजमा सद्भावना बढाउँदै, आफ्नो धर्म, संस्कृति, रीतिरिवाज र परम्पराको संरक्षणमा लाग्न सबैलाई प्रेरित गर्दै आएको उल्लेख गर्नुभयो। यस पर्वले मुलुकमा शान्ति, सद्भाव र समृद्धि ल्याउन सबैलाई प्रेरणा दिने प्रदेश प्रमुख गुरुङले विश्वास व्यक्त गर्नुभयो। "हरेक वर्ष माघ शुक्ल प्रतिपदाका अवसरमा विभिन्न कार्यक्रम गरी सोनाम ल्होसार पर्व मनाइने गरिन्छ। यस पर्वमा तामाङ समुदायले कूलपूजा, प्रकृति पूजा र बुद्ध शिक्षाको स्मरण गर्नुका साथै आफन्तजन भेला भई भोजन एवं मनोरञ्जन गर्दै आपसमा खुशी आदानप्रदान गर्ने प्रचलन रहिआएको छ", सन्देशमा भनिएको छ। यो पर्व तामाङसहित ह्योल्मो, थकाली, जिरेल, नेस्याङ्वा, भोटे, दुरा, लेप्चालगायत जातिले आ-आफ्नै शैली र परम्पराअनुसार मनाउँदै आएको सन्देशमा उल्लेख छ। सोनाम ल्होसारले सबैको घरपरिवारमा सुख, शान्ति र समृद्धिको वातावरण सिर्जना गर्दै सामाजिक सद्भाव अभिवृद्धि गर्न सबैलाई प्रेरित गर्न सकोस् भनी प्रदेश प्रमुख गुरुङले शुभकामना व्यक्त गर्नुभएको छ।

## गण्डकीमा ३८२ संक्रमित थपिए

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ माघ**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा थप ३८२ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। प्रदेशअन्तर्गतका विभिन्न अस्पताल तथा प्रयोगशालामा गरिएको पिसीआर र एन्टिजेन परीक्षणबाट सबैभन्दा बढी कास्की जिल्लामा १३३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

त्यस्तै यस अवधिमा लमजुङमा ६८ जना, तनहुँमा ५३ जना, स्याङ्जामा ३७ जना, म्याग्दीमा ३४ जना, बागलुङमा २३ जना, गोरखामा १७ जना, नवलपरासीपूर्वमा नौ जना, पर्वतमा पाँच जना, मनाङमा दुई जना र मुस्ताङमा एक जनामा कोरोना सङ्क्रमण देखिएको प्रदेश स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो।

प्रदेशमा पाँच हजार ८७७ जना कोरोना सङ्क्रमित होम आइसोलेसनमा रहेको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ।

## संक्रमणमुक्त हुने दोब्बर

**रासस**
**काठमाडौं, १९ माघ**

देशभर कोरोना भाइरस सङ्क्रमित हुनेभन्दा सङ्क्रमणमुक्त हुनेको सङ्ख्या दोब्बर रहेको छ।

पछिल्लो २४ घण्टामा तीन हजार ६३७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा प्रवक्ता डा.सङ्गीता कौशल मिश्राले ११ हजार ५८२ परीक्षण गर्दा सङ्क्रमित तीन हजार ६३७ सङ्क्रमित पुष्टि भएको जानकारी दिनुभयो।

यस्तै सङ्क्रमणमुक्त हुने सङ्ख्या सात हजार ५५५ पुगेको उहाँले बताउनुभयो। हालसम्म आठ लाख ७८ हजार ७२० जना सङ्क्रमणमुक्त भएका छन्।

मन्त्रालयका अनुसार सक्रिय सङ्क्रमितको सङ्ख्या ६९ हजार २९१ पुगेको छ। बाह्रको निधन मन्त्रालयका प्रवक्ता डा मिश्राले सो अवधिमा सङ्क्रमणका कारण १२ जनाको निधन भएको जानकारी दिनुभयो। हालसम्म ११ हजार ७६४ जनाको सङ्क्रमणका कारणले निधन भएको छ। यस्तै ५०० भन्दाबढी सङ्क्रमण भएको जिल्ला १६ पुगेको छ। मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, धनुषा, सिराहा, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रे, कास्की, नवलपरासी पूर्व, बाँके, रुपन्देही, र कैलाली रहेका छन्।

यस्तै २०० भन्दाबढी सङ्क्रमित भएका १८ जिल्ला रहेका छन्। ती जिल्लामा सप्तरी, पर्सा, बारा, महोत्तरी, सर्लाही, धादिङ, सिन्धुपाञ्चोक, सिन्धुली, नुवाकोट, गोरखा, स्याङ्जा, बागलुङ, तनहुँ, पाल्पा, बर्दिया, सुर्खेत र कञ्चनपुर रहेका छन्। नेपालमा सङ्क्रमण दर १८.३ प्रतिशत रहेको छ। हाल होम आइसोलेसनमा ६७ हजार ८२५, संस्थागत आइसोलेसनमा एक हजार ४६६, सघन उपचार कक्षमा २७० र भेन्टिलेटरमा ५२ जनाको उपचार हुँदैछ।

बुधबार करिब आठ लाखले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। मन्त्रालयका प्रवक्ता डा मिश्राले आठ लाख १५ हजार ७९६ जनाले खोप लगाएका छन्। यस्तै अहिलेसम्म कोरोना भाइरसविरुद्धको बुस्टर डोज चार लाख ८४ हजार ४७९ मात्रा लगाइएको छ।

## अहिलेको गठबन्धन अझै बलियो भएर जान्छ : अध्यक्ष नेपाल

**रासस**
**काठमाडौं, १९ माघ**

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले अहिलेको गठबन्धन अझै बलियो भएर जाने बताउनुभएको छ। बुधबार काठमाडौंको जडीबुटीमा समाजवादीले आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा उहाँले गठबन्धन दलहरूबीच भएको छलफलमा गठबन्धनलाई अझै बलियो बनाएर लैजाने सहमति भएको बताउनुभयो।

अध्यक्ष नेपालले भन्नुभयो, "गठबन्धनका बीच आपसी अविश्वास पैदा गराउन खोजिए गठबन्धन अझै बलियो भएर जानेछ, गठबन्धनले नै चुनाव गर्नेछ।" उहाँले गठबन्धनविरुद्ध भएको षड्यन्त्रप्रति सचेत भएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा एमालेका पूर्वसांसद सुवास कर्माचार्यसहित करिब १५० बढी नेता कार्यकर्ता समाजवादीमा प्रवेश गरेका छन्। समाजवादीमा प्रवेश गर्नेलाई अध्यक्ष नेपालले टीका र खादा लगाएर स्वागत गर्नुभयो। एमालेका नेताहरू राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य सीता थापा, बागमती प्रदेश कमिटीका यज्ञ सापकोटा, राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य ईश्वरी श्रेष्ठ, जिल्ला कमिटी सदस्य क्रमशः दीपक नेपाल, रवीन्द्र शर्मा, विष्णुलाल श्रेष्ठ, विजय ढुङ्गाना, किशोर लामा, सगुन श्रेष्ठ, धुव्रराज गिरी र फइन्द्र तामाङलगायत सिन्धुपाल्चोकका १०० बढी नेता काभ्रेबाट ५० बढी नेता कार्यकर्ता समाजवादीमा प्रवेश गरेका छन्।

## कोभिडका कारण पोखरा म्याराथन दुई चरणमा हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ माघ**

नेपाल भूतपूर्व खेलाडी मञ्चले प्रत्येक वर्ष सञ्चालन गर्दै आएको सफल पोखरा अन्तर र्ाष्ट्रिय म्याराथन दौड प्रतियोगिता दुई चरणमा हुने भएको छ।

काभिड- १९ को बढ्दो जोखिमलाई ध्यानमा राखेर प्रतियोगिता दुई चरणमा गर्ने मञ्चको बुधबार सम्पन्न बैठकले निर्णय गरेको हो। नेपाल भूतपूर्व खेलाडी मञ्चद्वारा आयोजित उक्त प्रतियोगिताअन्तर्गत खुला म्याराथन ४२.१९५ किमि र महिलातर्फको २१ किमि निर्धारित समय फागुन ७ गते नै हुने र आपाङ्गतर्फका १० र ५ किलोमिटर दौड चैत महिनाको १२ गते गर्ने निर्णय भएको मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीले जानकारी दिनुभयो। उहाँले पोखरा म्याराथन देशकै जेठो म्याराथन रहेको दाबी गर्दै म्याराथन सफल बनाउन विभिन्न विषयगत समितिले तीव्रता दिँदै आएको बताउनुभयो। म्याराथनलाई सफल बनाउन विभिन्न टोल विकास संस्था, आमा समूह र अन्य सङ्घ संस्थालाई सदा झैं यस पटक पनि सहयोगका लागि अपिल गर्दै उहाँले प्रतियोगिताले पोखराको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। मञ्चका महासचिव कृष्ण तिमिल्सिनाका अनुसार पोखरा म्याराथनअन्तर्गत खुला म्याराथनतर्फको पुरस्कारको राशि रु चार लाख नगद भएसँगै प्रतियोगितामा सहभागी हुन केन्यालगायत अन्य अफ्रिकी मुलुकबाट धावक पोखरा आउने तयारी गरिरहेको सूचना प्राप्त भएको छ। "पोखरा म्याराथनले अव विश्वव्यापी रूपमा चर्चा पाउन थालेको छ। यसका लागि विदेशबाट समेत धावक पोखरा आउनु गौरवको विषय हो", उहाँले भन्नुभयो, "विदेशीसँगै स्वदेशी धावकले समेत म्याराथनमा सहभागीका लागि अनलाइनमार्फत दर्ता गराउन सकिनेछ।"

## सामुदायिक वन उपभोक्ता महासंघको अधिकार सुनिश्चितताको आन्दोलन जारी

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ माघ**

सामुदायिक वन उपभोक्ता महासङ्घले वन समूहको अधिकार स्थापित गर्ने उद्देश्यले सुरु गरेको चरणबद्ध आन्दोलन जारी रहेको जनाएको छ।

महासङ्घका केन्द्रीय अध्यक्ष भारती पाठकद्वारा जारी प्रेस विज्ञप्तिमार्फत नेपालको संविधान र वन ऐन, २०७६ विपरीत सरकारले तर्जुमा गरेको वन नियमावलीमा समावेश गरिएका व्यवस्थाको खारेजी र परिमार्जन, सङ्घीय वन ऐनविपरीत तर्जुमा भएका प्रदेश ऐनको खारेजी तथा संशोधनको माग गरिएको छ।

त्यस्तै सामुदायिक वन खोस्नेगरी घोषणा गरिएका संरक्षित क्षेत्र र तीनै तहका सरकारले वनबाट लिँदै आएको तेहेरो करको खारेजी र वन पैदावार सङ्कलन, उपयोग र ओसार पसारमा लगाइएको प्रतिबन्ध तत्काल हटाउन मागसहित आन्दोलमा उत्रिएको महासङ्घका केन्द्रीय अध्यक्ष पाठकद्वारा बुधबार प्रकाशित प्रेस विज्ञप्तिमा उल्लेख छ। विज्ञप्तिमा भनिएको छ, "महासङ्घले सरकारी स्वास्थ्य मापदण्डको पालना गरी गर्दै आएको शान्तिपूर्ण आन्दोलनका क्रममा बबरमहलस्थित वन परिसरबाहिर धरपकड र वन अधिकारकर्मीलाई सरकारले प्रहरी परिचालन गरी गरिएको गिरफ्तारीको घोर भर्त्सना गर्दछौं।" प्राकृतिक स्रोतमाथि स्थानीय समुदायलाई प्रदान गरेको अग्राधिकार र प्राथमिकताको रक्षा र सङ्घीय वन ऐन, २०७६ ले प्रदान गरेको सामुदायिक वनअधिको सुनिश्चितताका लागि सञ्चालित सरकारी हस्तक्षेप, दमन, धरपकड र गिरफ्तारीविरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था, नागरिक समाज र सरोकारवाला र सञ्चारक्षेत्रप्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि ऐक्यबद्धता र सहकार्यको अपेक्षा गर्दछौं।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# घान्द्रुकस्थित कलाभिरमा 'रेलिङ'

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ



कास्कीको अन्नपूर्ण गाउँपालिका १० घान्द्रुकस्थित कलाभिरमा लामा अमृत फाउण्डेशनले रेलिङ निर्माण गरेको छ। सम्भावित दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यसहित करिब १ लाख ४५ हजारको लागतमा सो भिरमा रेलिङ निर्माण गरेको हो।

घान्द्रुकका स्थानिय होटल तथा पर्यटन व्यवसायीहरु र देश विदेशमा रहेका दाताहरुको आर्थिक सहयोगमा पक्की रेलिङ निर्माण गरेको फाउण्डेशनका संस्थापक अमृत लामा गुरुङले बताए। सो स्थानमा असोज २५ गते जीप दुर्घटना हुदा चालकसहित ८ जनाले घटनास्थलमै ज्यान गुमाएका थिए। गुरुङले दुर्घटना पश्चात् नकरात्मक सन्देश प्रवाह भएको बताउदै सो क्षेत्रमा सवार गर्दा सुरक्षित महशुस गराउन रेलिङ निर्माण गरेको बताए। 'त्यो दुर्घटना अत्यन्तै दुखदायी बन्यो। पर्यटकमा पर्न गएको नराम्रो खबर पछि हामीले धुक्क महसुस गराउनका लागि रेलिङ निर्माण गरेका हौ, उनले भने, 'यति मात्र नभएर यही क्षेत्रमा भएका ५ वटा घुम्तीमा ऐना पनि राखेका छौ। यसले यात्रा थप सुरक्षित बनाउन मद्दत पुर्याउछ।'

उनले सो संरचना निर्माण गर्न आर्थिक सहयोग गर्ने दाताहरुलाई धन्यवाद दिदै घान्द्रुक यात्रामा सुरक्षित महसुस गर्न सकिने बताए। 'त्यो घटनापछि गाउँले पनि हिड्न डराउथे। अहिले यो बनाईसकेपछि सबै धुक्क बनेका छन्।' गुरुङले भने। त्यसैगरी प्हे ल्हु संघ घान्द्रुकका अध्यक्ष प्रेम गुरुङले लामा फाउण्डेशनले सरकारत्मक सन्देश दिने कार्य गरेको भन्दै प्रशंसा गरे। 'यो कार्यले सबैभन्दा त सकरात्मक सन्देश पुर्याएको छ। अब सहजै सवार 'साधनहरु घान्द्रुक भित्रिन सक्छन्', उनले भने, 'अझ सरकारी पक्षले पनि थप जोखिम क्षेत्रमा यस्ता रेलिङहरु निर्माण गर्नुपर्छ।' यसैगरी भारत राजदुतावासको सहयोगमा सञ्चालित एम्बुलेन्सका चालक तथा रेलिङ निर्माण समितिका संयोजक याम बहादुर गुरुङले सो क्षेत्रमा यात्रा गर्दा ढुक्क भएको बताए। उनले सो रेलिङ निर्माणको संयोजकको रुपमा काम गरेको बताउदै रेलिङ निकै बलियो रहेको जानकारी दिए। 'करिब ८ दिन लगाएर यो काम सम्पन्न गरेका छौ, उनले भने, 'यो माथी जति उठेको छ त्या भन्दा बढि नै जमिनमा पनि पिसिसी गरेर गाँडेका छौ। यो बाटोमा गुड्ने सवारीलाई यसले सहजै रोक्न सक्छ। अब बल्ल धुक्क भएका छौ।' उनले सो क्षेत्रमा दुर्घटना पश्चात प्राय सवारी चालकहरु त्रसित भएको बताउदै भने, 'यो ठाउँमा सबैभन्दा ठुलो दुर्घटना नै यही थियो। त्यसैले यहाँ आउँदा अलि कस्तो लाग्थ्यो अब भने चालकहरुले पनि धुक्क भएको प्रतिक्रिया दिएका छन्।' गुरुङले सो सडक बिस्तार गर्दा आफु सचिव रहेको स्मरण गर्दै नीजि स्रोतबाट सडक निर्माण गरेको बताए। सरकारको ३ लाख र स्थानीय समुदायको २ करोड लागतमा सडक बिस्तार गरेको बताउदै भने, 'यो बाटो यहीको गाउँलेले उठाएर खनेको हो। सरकारको त जम्मा ३ लाख मात्रै हो। त्यही कारणले पनि बाटोको ग्रेड अलि मिलेको छैन।'

उनका अनुसार अहिले जोखिम क्षेत्रमा ढलानका निम्ति गण्डकी प्रदेश सरकारबाट २० लाख बजेट विनियोजन भएको छ। 'अब ढलानको काम पनि छिटै हुन्छ। हामी तयारीमै छौ, गुरुङले भने।

सो कलाभिरमा असोज २५ गते ग १ ज ६९०० नम्बरको जीप दुर्घटना हुँदा चालक अन्नपूर्ण गाउँपालिका ५ नयाँपुल बस्ने ४२ वर्षीय खुशीमान क्षेत्री, काठमाडौं ३ गोंगबुका १८ वर्षीय जिनलव घिसिङ, २४ वर्षीया सुजा चौधरी, २० वर्षीया लिजा चौधरी, २० वर्षीया सुमन चौधरी, २२ वर्षीय अछुतम काफ्ले, १८ वर्षीय आशीष आले, २७ वर्षीय विनय क्षेत्रीले घटना स्थलमै ज्यान गुमाएका थिए। भने २० वर्षीया देवीका घिसिङलाई सकुशल उद्धार गरिएको थियो।

# पितृ कार्यको खर्च कटाएर मानव सेवा आश्रममा भोजन

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ




पछिल्लो समय पित्र कार्यमा हुने खर्च कटाएर मानविय सेवामा समर्पित बिभिन्न संघसंस्थालाई सहयोग गर्ने सामाजिक भावनाको विकास हुँदै गएको छ।

समाजका असहाय, अशक्त,बेसहारा, अनाथ, अभिभाव विहिन, मानसिक तथा शारिरीक रुपमा कमजोर सडक आश्रित मानवको उद्धार एवम पालनपोषणमा सहयोग पुर्‍याउने लक्ष्यका साथ पित्रीको स्मरणमा सहयोग गर्ने प्रचलन बढेको हो।

पोखरा महानगरपालिका वडा नं. १७ घारीपाटनस्थित म्यूजियममार्ग निवासी लक्ष्मी खड्काले आफ्ना स्वर्गिय पति अमर बहादुर खड्काको १५ पुण्य तिथिका अवसरमा पोखरास्थित मानव सेवा आश्रम छोरेपाटनमा आश्रितहरुका लागि एक छाक खानाको व्यवस्था गर्नुभयो।

छोरा यमबहादुर र बुहारी पार्वती खड्का सहित भोजन गराउनका लागि आश्रममा पुग्नु भएकी लक्ष्मी खड्काले भन्नुभयो आकाशलाई छानो र सडकलाई घर बनाएर बस्न बाध्ये मानवको उद्धार गरेर उनीहरुको लागि पुनर्जन्म दिने संस्थालाई सहयोग गर्न पाउँदा आत्मसन्तुष्टि मिलेको छ। सो परिवारले एक छाक खाना बराबरको नगद १५ हजार पाँच सय रुपैया आश्रम कास्कीका सहसंयोजक सम्झना बर्तौला र साधिका मनिकला नेपालीलाई हस्तान्तरण गर्नुभयो। आश्रममा हाल ६५ जना महिला तथा बालबालिका आश्रित छन्।

सो आश्रमबाट एक बर्षअघि ९५ जना बुबाहरुलाई पोखरा २५ हेमजास्थित आश्रममा सारिएको छ भने छोरेपाटन आश्रममा हाल महिला र आश्रित बालबालिका सहित ६५ जना रहनु भएको सहसंयोजक सम्झना बर्तौलाले जानकारी दिनुभयो। दुई छाक खाना भन्दा पनि आमा र बालबालिको औषधि उपचारमा बढी खर्च हुने गरेको छ उहाँले भन्नुभयो सडकबाट उद्धार गरिएका अधिकाँस आमाहरु मानसिक रोगी हुनुहुन्छ मासिक औषधिमा मात्र ५० देखि ६० हजार रुपैया खर्च हुने गरेको छ।

सस्थाले आश्रम सञ्चालनका लागि हालै सञ्चालन गरेको भोजनका लागि भजन सन्ध्या कार्यक्रमबाट छ लाख रुपैया भन्दा बढी आर्थिक संकलन भएको आश्रमका केन्द्रीय कोषाध्यक्ष एवम् गण्डकी प्रदेश प्रमुख होमनाथ तिमिल्सिनाले जानकारी दिनुभयो।

उहाँका अनुसार आश्रममा आवद्धहरुको एक छाक खानाका लागि १५ हजार ५००, विशेष खानाको लागि २२ हजार ५०० र एक दिनको खानाको लागि ३५ हजार ५०० रुपैयाको व्यवस्था गरिएको छ। २०७४ साल चैत १७ गते पोखरा र आसपासमा कष्टकर जीवन बिताउन बाध्ये २३ जना सडक मानवको उद्धार गरेको सञ्चालन गरिएको आश्रमले हालसम्म ८२६ जनालाई सेवा प्रदान गरेको बताउँदै उहाँले भन्नुभयो २६२ जनालाई पारिवारिक पुनर्मिलन, उपचार पश्चात स्वइच्छाले ३०५ जना घर फर्किनु भएको, ५१ जनालाई अन्य शाखामा स्थान्तरण गरिएको छ भने आश्रमको संरक्षणमा रहदा ५८ जना आमाबुबाको निधन भई सकेको छ।

# उसु खेलाडी झरनाद्धारा खेलकुद सामाग्री वितरण

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ



पदकधारी उसु खेलाडी झरना गुरुङले आफ्नो जन्मथलो कास्कीको माछापुच्छ्रे गाउँपालिकामा खेलकुद सामाग्री सहयोग हस्तान्तरण गरेकी छन्। भारतको शिलोङमा भएको १२ औं दक्षिण एसियाली खेलकुद (साग) मा रजत पदक विजेता भएकी गुरुङले बुधबार आयोजित समारोहमा विभिन्न क्लवहरुलाई खेलकुद सामाग्री सहयोग हस्तान्तरण गरेकी हुन्।

कर्मथलो पोखरा बनाएकी उनी केही बर्ष देखि रोजगारको शिलशिलामा हाल स्पेनमा रहेकी छन भने स्वदेश आएको अवसरमा आफ्नो जन्मथलोमा केही सहयोग गर्न पाएकोमा आफुलाई निकै खुसि लागेको गुरुङले बताइन्। माछापुच्छ्रे गाउँपालिका वडा नम्बर ८ कुदी, छ्हरा, ल्वाङघले क्षेत्रका क्लव तथा विभिन्न संस्थाहरुलाई करिब २५ हजार मुल्य बराबरको खेल सामाग्री सहयोग हस्तान्तरण गरेकी हुन्। प्रमुख अतिथिका रुपमा उपस्थित भएकी उनलाई गाउँमा खादा तथा माला लगायर स्वागत समेत गरिएको थियो। पदकधारी खेलाडी गुरुङले इन्द्रेणी युवा क्लब,ईदिखोला, लालुपाते युवा क्लब,खोरामुख, फेरी भेटौंला युवा क्लब,साखु,नयापुल, सूर्योदय युवा क्लब,ठाटी, ग्रीनहिल क्लब,ल्वाङ, निश्चल झरना युवा क्लब,लुम्रे, बौद्ध सृजना युवा क्लब,घलेल, लालीगुरास युवा क्लब,कालीमाटी लगायतका खेल संस्थाहरुलाई फुटबल, भलिबल र जर्सीहरु वितरण गरेकी हुन्।

कार्यक्रममा निकै भावुक हुदै खेलाडी झरनाले आफु बाध्यताले गर्दा विदेशीनु परेको गुनासो गर्दै आफ्नो भित्रि इच्छा आम्दानीको केही रकम सामाजिक क्षेत्रमा खर्चिने इच्छा भएको बताइन्। स्पेनमा पनि हाल खेलसंगै सम्बन्धित प्रशिक्षकको रुपमा रहेको उल्लेख गर्दै उनले आगामी दिनमा नेपालमा उसुको एकेडेमी समेत संचालन गर्ने लक्ष्य रहेको बताइन्।

युवा बिकास तथा खेलकुद समन्वय समिति माछापुच्छ्रे गाउँपालिका वडा नम्बर ८ ल्वाङघलेलका अध्यक्ष सन्तोष गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पोखरा क्यानोनिङका सन्चालक युवा व्यवसायी रामबहादुर गुरुङ, (एम के बाकेलाल स्पोर्ट्स)का सञ्चालक मोहन कुवर, लालीगुरास युवा क्लब,कालीमाटीका अध्यक्ष हरिप्रसाद पौडेल, स्थानिय जापान गुरुङ लगायतले वोलेका थिए।

# मृतकका परिवारलाई छ लाख ५० हजार क्षतिपूर्ति

पोखरापत्र संवाददाता
तनहुँ, १९ माघ

ट्रकको ठक्करबाट ज्यान गुमाएका दुई जनाको परिवारलाई छ लाख ५० हजारका दरले क्षतिपूर्ति उपलब्ध गराउने सहमति भएको छ।

मृतकका आफन्तजनले उचित क्षतिपूर्तिको माग गर्दै मङ्गलबार र बुधबार जिल्ला प्रहरी कार्यालयमा धर्ना दिएपछि उक्त सहमति भएको हो। ट्रकको ठक्करबाट सोमबार राति व्यासनगरपालिका-५ साँघे निवासी विकास विक र अनिल बाचे मगरको मृत्यु भएको थियो। जन्मदिन मनाउन तनहुँको बन्दीपुर जाने क्रममा व्यासनगरपालिका-१२ स्थित देउरालीमा लु१ख ९८३२ नम्बरको ट्रकले ठक्कर दिँदा उनीहरूको ज्यान गएको थियो। दमौलीबाट बन्दीपुरतर्फ जाँदै गरेको ग१८प ९२२५ नम्बरको मोटरसाइकललाई विपरीत दिशाबाट आउँदै गरेको उक्त ट्रकले ठक्कर दिँदा उनीहरूको घटनास्थलमै मृत्यु भएको हो।

# शनिबारसम्म वर्षा र हिमपातको सम्भावना

रासस
काठमाडौं, १९ माघ

पश्चिमी वायुको प्रभावले आगामी शनिबारसम्म देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानमा हल्का वर्षा र हिमपात हुने भएको छ।

बुधबार रातिदेखि पश्चिम नेपालबाट प्रवेश गर्न लागेको पश्चिमी न्यूनचापीय प्रणालीको प्रभावले बिहीबार सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशमा सामान्यदेखि पूर्ण बदली तथा बागमती, मधेस प्रदेश र प्रदेश नं १ मा आंशिकदेखि सामान्य बदली रहने, शुक्रबार देशैभरी सामान्यदेखि पूर्ण बदली रहने र शनिबार देशभरी आंशिकदेखि सामान्य बदली रहने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

प्रदेश नं १, मधेस, बागमती तथा गण्डकी प्रदेशका थोरै स्थानमा हल्का वर्षाको सम्भावनाका साथै देशको उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना रहेकाले चिसोबाट बच्न र त्यसको प्रभावबाट जोगिन आवश्यक सुरक्षा तथा सतर्कता अपनाउन महाशाखाले अनुरोध गरिएको छ।

यस प्रणालीको प्रभावले बिहीबार सुदूरपश्चिम, कर्णाली, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका धेरै स्थानमा तथा बागमती र प्रदेश नं १ को उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ भने पहाडी तथा तराईका धेरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको बताइएको छ।

शुक्रबार देशका उच्च पहाडी तथा हिमाली भूभागका धेरै स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रही देशका पहाडी तथा तराईका धेरै स्थानमा मेघगर्जन चट्याङ/असिनासहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहनुका साथै गण्डकी तथा लुम्बिनी प्रदेशको एक वा दुई स्थानमा भारी वर्षाकोसमेत सम्भावना रहेको छ।

शनिबार गण्डकी प्रदेश, बागमती प्रदेश र प्रदेश नं १ का उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहनुका साथै उक्त प्रदेशका पहाडी तथा तराई भेगका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। आइतबारदेखि यो मौसम प्रणाली कमजोर हुँदै मौसममा क्रमिकरुपमा सुधार हुने महाशाखाले औंल्याएको।

बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर

परीक्षण गरिने रोगहरु:

बाथ रोग: घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सम्पर्क राख्नुहोला।

प्यारालाइसिस: शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु।

ढाड दुख्ने: ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने।

विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म

फोनबाट पनि नाम दर्ता गराउन सकिने छ।

सम्पर्क:

स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.

पोखरा ८ न्यूरोड, सभागृहचोक

फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा।

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान:

माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.

नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)

फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट: नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.

पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै

फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# चुनावको लागि एमालेको दबाब अभियान

नेपाल कम्युनिस्ट पार्टी एमालेको हाईकमाण्ड बैठकले स्थानीय तहको निर्वाचन घोषणा गर्न दबाबमूलक कार्यक्रम गर्ने निर्णय गरेको छ । स्थानीय तहको निर्वाचनका लागि सरकारले मिति घोषणा गर्न आलटाल गरिरहेको छ । जनताको ताजा जनादेशका लागि जान सत्ता गठबन्धन दलहरू आनाकानी गरिरहेका छन । पाँच वर्ष पुरा भएपछि ताजा जनादेश लिएर स्थानीय सरकार संचालन गर्नुपर्ने संबैधानिक र कानुनी ब्यवस्थालाई सत्तारूढ गठबन्धन दलहरूले सार्ने प्रयास नगरेका होइनन् । प्रमुख प्रतिपक्षी एमाले, निर्वाचन आयोग, राष्ट्रपति, कानुन ब्यवसायि, नागरिक समाजले निरन्तर चुनावको मिति घोषणा गर्न खबरदारी गरिरहेका छन । एमालेको हाईकमाण्ड अध्यक्ष सहितका १९ जना पदाधिकारी रहेको सचिवालय बैठकले निर्वाचन लक्षित कार्यक्रममा जोड दिएको छ । राजनीतिक अन्योलग्रस्त अवस्थामा महत्वपूर्ण समय-सन्दर्भमा बसेको देशकै ठूलो पार्टीको बैठक मुलतःस्थानीय तहको चुनाव केन्द्रित रणनीति तय गर्नमा केन्द्रित भएको छ । बैठकमा अध्यक्ष केपी शर्मा ओलीले धेरै भनाइ चुनावबारे नै राखेका थिए ।

सबै पार्टीको सम्पूर्ण शक्ति चुनाव केन्द्रित गर्नुपर्न हो । अहिलेको सरकार स्थानीय तहको चुनाव सार्ने सडयन्त्रमा लागेपनि एमाले र अरुको दवावले हच्किदै आएको छ । 'संविधान अनुसार फागुनभित्र निर्वाचन गरिसक्नुपर्थ्र्यो, ।यस सम्बन्धमा राजनीतिक दल र निर्वाचन आयोगले पटक-पटक सरकारलाई ध्यानकर्षण पनि गराएका थिए सरकार संविधान कार्यान्वयन, लोकतान्त्रिक अभ्यास र संघीयताको कार्यन्वयन गर्नुभन्दा पनि सत्ता स्वार्थमा केन्द्रित हुँदा राजनीतिक अन्योलमा हट्न सकेको छैन ।सत्ता गठबन्धनले दवावमा परेर चुनाव गराउने कुरा गरेपनि यो गठबन्धनको भर नभएको प्रतिपक्षी एमाले र कांग्रेसको संस्थापन इतरको बुझाइ छ । सरकारलाई दबाब दिने र पार्टीमा विवाद नदेखियोस भनेर एमालेले फुकिफुकि पाइला चालेको छ । त्यसै अनुसार 'स्थानीय निर्वाचनमा केन्द्रित भई केन्द्रीय र प्रदेशस्तरमा अगुवा कार्यकर्ता भेला आयोजना गर्ने' निर्णय पनि एमालेले बैठकबाट लिएको छ । चुनाव घोषणा नगरे यस्ता भेलाबाट दबाब बढाउने, घोषणा गरे चुनाव केन्द्रित गराउने रणनीति एमालेको देखिन्छ । 'गठबन्धन मिलेर आए पनि एक्लै समाना गर्ने 'एक्लै आए पनि सामाना गर्ने । जे जसरी भए पनि एमालेलाई बलियो शक्तिका रुपमा स्थापित गर्ने ।' एमालेले गठबन्धनको एक्लै सामना गर्ने तयारी गरेको छ । देशव्यापी तालमेल नगर्ने तर स्थान विशेषमा भने विभिन्न शक्तिसँग मिलेर जान सकिने एमालेको आन्तरिक ठम्याई छ ।

'ठाउँ विशेषमा लोसपा, सिके रावत र विप्लवहरुसँग तालमेल हुनसक्छ तर यो देशव्यापी हुँदैन, भन्ने पार्टी पंक्तिलाई सचेत गराएको छ । एमाले चुनावमा विवादरहित ढंगले जानुपर्नेमा नेतृत्व सचेत भएर विवाद उत्पन्न हुन सक्ने विषय थाती राख्ने निर्णय बैठकले गरेको छ । राष्ट्रियसभाको निर्वाचनमा अन्तरघात गर्नेलाई छानविन गरेर कारवाही गर्न सम्बन्धि प्रदेश कमिटीलाई निर्देशन दिएको बैठकले युवा, विद्यार्थी, महिला र किसान संगठनका महाधिवेशन तत्काललाई स्थगित गर्ने निर्णय गरेको छ । यी भातृ संगठनमा नेतृत्वका लागि विवाद हुने सम्भावना थियो । महाधिवेशनका लागि आयोजक कमिटी बनाएको विषयमा युवासंघमा विवाद छ । जनपरिचालनका लागि महत्वपूर्ण मानिएका अन्य संगठनमा पनि नेतृत्वमा विवाद हुने निश्चितै थियो । विवाद बोकेर स्थानीय चुनावमा जाँदा असर पर्ने बुझर ती संगठनको महाधिवेशन स्थानीय चुनावपछि गर्ने निर्णय लिएको छ । त्यस्तै नेतृत्वका लागि विवाद हुन सक्ने पार्टीको प्रदेश अधिवेशन पनि हाललाई स्थगित गरिएको छ । बैठकले स्थानीय निर्वाचनपछि प्रदेश अधिवेशन गर्ने निर्णय लिएको छ ।

यसअघि माघ ८ मा प्रदेश अधिवेशन तोकिएको थियो । कोरोनाको कारण देखाउँदै त्यसलाई माघ २८ र २९ मा सारिएको थियो । सार्वजनिक चासोको अर्को विषय एमसीसीमा भने बैठक मौन रहेको छ । बैठकमा एमसीसीबारे छलफल पनि भएन र एजेण्डा पनि थिएन । बैठकका निर्णय संवाददाताहरुलाई जानकारी गराउने क्रममा प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले पनि बैठकमा एमसीसीबारे कुनै छलफल नभएको जानकारी दिए । एमालेले लगातार जसो एमसीसीबारे गठबन्धले धारणा बनाएपछि मात्रै आफूले आवश्यक निर्णय लिने बताइरहेको छ । एमालेले एमसीसी पास गर्ने वा नगर्ने सत्ता गठबन्धनको विषय भएको र आफ्नो भूमिका नरहेको भन्दै आएको छ । चुनाव केन्द्रित रणनीतिमा लागेको एमालेले एमसीसीलाई सके सत्ता गठबन्धन भत्काउने अस्त्र बनाउने, नत्र सत्ता गठबन्धनले पारित गरे यसलाई जनमत आफूतिर तान्ने मुद्दा बनाउने नीति लिएको छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : शारीरिक झमेला |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : कार्यमा सफलता | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : मानसिक तनाब | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# अग्रज पत्रकार खड्काको निधन

**पोखरापत्र संवाददाता**
**बागलुङ, १९ माघ**

यहाँका अग्रज पत्रकार विदुर खड्काको ८० वर्षको उमेरमा निधन भएको छ । मिर्गौला रोगबाट ग्रसित उहाँको काठमाडौँमा उपचारका क्रममा आज बिहान निधन भएको पुँवार खड्का समाज बागलुङका उपाध्यक्ष लीलादेवी खड्काले जानकारी दिनुभयो ।

दिवङ्गत खड्काको बिहीबार गृहजिल्लामै अन्त्येष्टि गरिने भएको छ । उहाँको पहलमा विसं २०२८ मा बागलुङबाट ' धौलाश्री' साप्ताहिक प्रकाशनमा आएको थियो । खड्का त्यसको सम्पादक हुनुहुन्थ्यो ।

विसं २०५८ मा दैनिक रूपमा प्रकाशन हुन थालेको उक्त पत्रिका विसं २०६३ मा बन्द भए पनि त्यसको अनलाइन संस्करणले निरन्तरता पाउँदै आएको थियो । खड्काले विसं २०५७ मा गठित नेपाल पत्रकार महासङ्घको तत्कालीन धवलागिरि शाखाको संयोजक भएर काम गर्नुभएको थियो ।

उहाँका तीन छोरा छन् । खड्काकी श्रीमती गङ्गाको पनि निधन भइसकेको छ । खड्काले दिवङ्गत आमा सुमित्रा र श्रीमती गङ्गाको स्मृतिमा 'सुगङ्गा पुरस्कार'समेत स्थापना गर्नुभएको थियो ।

# कोदोको रक्सीलाई ब्रान्डिङ गर्ने

**पोखरापत्र संवाददाता**
**पर्वत, १९ माघ**

गण्डकी विश्वविद्यालयले कोदोबाट उत्पादन हुने मदिरालाई ब्रान्डिङ गर्ने भएको छ ।

गण्डकी प्रदेशका विभिन्न जिल्लामा व्यावसायिक रुपमै उत्पादन हुने मदिरालाई कसरी ब्राण्डिङ गर्न सकिन्छ भनेर अध्ययन सुरु गरिएको हो । पर्वत, कास्की, स्याङ्जा, लमजुङ र बागलुङ गरी पाँच जिल्लामा उत्पादित स्थानीय मदिरालाई ब्राण्डिङ गर्नेगरी अध्ययन सुरु गरिएको गण्डकी विश्वविद्यालयका रजिष्ट्रार कैलाश तिमिल्सिनाले जानकारी दिनुभयो । ब्राण्डिङ र गुणस्तर मापनको अभावमा घरेलु मदिरा उत्पादनमा प्रतिबन्द तथा उत्पादित मदिरासमेत खेर जाने गरेको छ । विदेशी मदिरा आयातमा वृद्धि भइरहेको अवस्थामा यसलाई प्रतिस्थापन गरी स्वरोजगार सिर्जना गर्न र प्रदेशलाई आर्थिक समृद्धितर्फ लैजान ब्राण्डिङको अवधारणा अघि सारिएको हो । गण्डकी प्रदेश सरकारका पूर्वमुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको कार्ययोजना अनुरुप कोदोको रक्सीलाई ब्राण्डिङ गर्न थालिएको रजिष्ट्रार तिमिल्सिनाले बताउनुभयो । गण्डकी प्रदेशमा कोदोको खेती र उत्पादन बढी हुने र घरेलु मदिरासमेत बढी मात्रामा उत्पादन हँदै आएको छ । यसैगरी विश्वविद्यालयले सुन्तलामा कीरा लाग्ने विषयको समेत अध्ययन सुरु गरेको छ । विगत केही वर्षदेखि सुन्तलामा कीरा लाग्दा पर्वत, बागलुङ, म्याग्दी, स्याङ्जालगायतका जिल्लामा सुन्तला उत्पादनमा ह्रास आएको भन्दै यसको अध्ययन थालिएको उहाँले बताउनुभयो । मङ्गलबार विश्वविद्यालयले पर्वतका शिक्षा क्षेत्रका सरोकारवालाबीच अन्तर्क्रिया कार्यक्रम गरी गण्डकी प्रदेश सरकारको पहिलो विश्वविद्यालयवाट सञ्चालित शैक्षिक कार्यक्रम, आगामी रणनीति र यस विश्वविद्यालय सञ्चालनका उद्देश्यका बारेमा छलफल गरिएको हो । सो अवसरमा बोल्दै गण्डकी विश्वविद्यालयका कुलपति गणेशमान गुरुङले गण्डकी प्रदेशमै दक्षजनशक्ति उत्पादन गर्नका लागि विश्वविद्यालय रचनात्मक सोचका साथ अघि बढेको बताउनुभयो । अबको युगमा आवश्यक पर्ने व्यावहारिक शिक्षा प्रदान गर्नका लागि विश्व विद्यालय लागिपरेको छ । शिक्षाको गहिरो अध्ययनबिना जुनसुकै क्षेत्र पनि अपूरो हुने भएकाले यो विश्वविद्यालय सूचना प्रविधि, खेलकूद, चिकित्साविज्ञानलगायत कृषि, पर्यटन, ऊर्जालगायतका क्षेत्रका पढाइ सञ्चालन गर्ने भएको छ । पहिलो चरणमा स्नातक तहमा सूचना प्रविधिको कक्षा सञ्चालन गरिने भएको छ भने त्यसैगरी खेलकूद विभागको पढाइसमेत सञ्चालन गरिने उहाँले बताउनुभयो । हरेक नागरिकलाई सर्वसुलभ रूपमा शिक्षाको पहुँच पुर्‍याउने उद्देश्यले प्रदेश सरकारले यो विश्वविद्यालय स्थापना गरेको कुलपति गुरुङले जानकारी दिनुभयो । गण्डकी विश्व विद्यालयका रजिष्ट्रार कैलाश तिमिल्सिनाले विश्वविद्यालयका कार्यक्रमका बारेमा जानकारी दिनुभएको थियो । विश्वविद्यालय सबैको पहुँचमा हुनुपर्छ भन्ने मान्यतलाई स्थापित गर्दै कृषि, पत्रकारिता, उद्यमशीलतालाई समेत अघि बढाइने बताइएको छ । विश्वविद्यलयका प्रोफेसर सरोज गिरीले 'स्नातक तहमा सूचना प्रविधि' र मधुसुदन सुवेदीले 'खेलकुद व्यवस्थापन'का विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

# पाँच क्यासिनो कम्पनीको ८७ करोडभन्दा बढी बक्यौता

**रासस**
**काठमाडौं, १९ माघ**

सरकारले लामो समयसम्म क्यासिनोको रोयल्टी तथा नवीकरण बापतको बाँकी बक्यौता नतिर्ने सात क्यासिनो कम्पनीलाई बक्यौता बुझाउन सातदिने अल्टिमेटम दिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहतको पर्यटन विभागले सात कम्पनीलाई क्यासिनो रोयल्टी तथा नवीकरण बापतको आव २०७७/७८ सम्मको बाँकी बक्यौता बुझाउन सात दिनको म्याद दिएको हो । सात कम्पनीले रु ८७ करोड १५ लाख १५ हजार बक्यौता तिरेका छैनन् । यीमध्ये क्यासिनो सञ्चालनको इजाजतपत्र लिएका दुई कम्पनी र आधुनिक मेसिन वा उपकरणको माध्यमबाट मात्र खेल सञ्चालनको इजाजत लिएका तीन कम्पनी छन् ।

पर्यटन विभागले आज सार्वजनिक सूचना जारी गर्दै पटकपटक ताकेता गर्दा पनि क्यासिनो कम्पनीले बक्यौता बुझाउन अटेर गरेको भन्दै तोकिएको अवधिमा बक्यौता नबुझाउने कम्पनीलाई कानुनी कारबाही गर्ने चेतावनी दिएको छ । विभागका अनुसार बक्यौता नबुझाउने क्यासिनो इजाजतपत्र लिएको कम्पनी होटेल याक एन्ड यति प्रालिले रु २० करोड ६८ लाख १५ हजार र ओरियन्टल होटल्स लिमिटेड (र्‍याडिसन होटेल) ले रु १८ करोड ७६ लाख तिर्नुपर्नेछ ।

त्यस्तै क्यासिनो सञ्चालक ह्याप्पी आवर, रक इन्टर नेसनल र सेन्ट्रल मिडिया प्रालिले बक्यौता बुझाएका छैनन् । ह्याप्पी आवरले रु २१ करोड ५५ लाख, रक इन्टरनेसनलले ११ करोड ४५ लाख ८२ हजार ८४८ र सेन्ट्रल मिडियाले रु १३ करोड ३९ लाख ५० हजार बुझाउन बाँकी छ ।

# बेनी बजार संरक्षण योजनाको थालनी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १९ माघ**

कालीगण्डकी र म्याग्दी नदीको कटान रोकथामका लागि बेनी बजार संरक्षण योजना निर्माण थालिएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गतको रुपाताल संरक्षण एकीकृत विकास परियोजना, पोखराले बेनीस्थित कालीगण्डकी र म्याग्दी किनारमा तटबन्ध बनाउन सुरु गरेको हो ।

हिउँद सकिन लाग्दासमेत कालीगण्डकी र म्याग्दी नदीको दोभानमा अवस्थित बेनी बजार संरक्षणका लागि सञ्चालित नदी नियन्त्रण आयोजनाको काम अघि नबढ्दा कटानको जोखिम बढ्दै गएको थियो । बेनी बजार संरक्षण योजना निर्माणका लागि ठेक्का सम्झौता गरेका रौताह-बिएनबी कन्ट्रक्शनले यसै हप्तादेखि नदी किनारमा पक्की पर्खाल निर्माण गर्न फाउण्डेशन (जग) खन्न थालेको छ । माउन्ट धवलागिरि कन्सट्रक्शनका सञ्चालक राजकुमार श्रेष्ठले कालीपुल बसपार्कस्थित कालीगण्डकी किनारमा एक्साभेटरको प्रयोग गरी जग खन्न थालेको बताउनुभयो ।

"मङ्गलाघाटको म्याग्दी नदी किनारमा केही दिनमै पर्खाल बनाइनेछ", उहाँले भन्नुभयो । पर्वतको जलजला गाउँपालिका-३ वारीबेनीका बासिन्दाको विरोधका कारण सङ्गमचोक पछाडिको कालीगण्डकी किनारमा तटबन्ध बनाउन बाधा पुगेको छ । विवाद समाधान गर्न बेनी नगरपालिका र जलजला गाउँपालिकालाई कम्पनीले अनुरोध गरेको छ । बाइस महिनामा सम्पन्न गर्ने लक्ष्यसहित रु नौ करोड ४५ लाखमा पुस तेस्रो साता ठेक्का सम्झौता भएको हो ।

परियोजनाका इञ्जिनीयर कृष्ण विश्वकर्माले कूल रु १४ करोड लागत अनुमान गरिएको योजना ठेक्का रौताह-बिएनबीले पाएको बताउनुभयो । कालीपुलमा ८० र सङ्गमचोक पछाडि म्याग्दी जेसिजको भवन नजिकैको कालीगण्डकी किनारमा करिब १६८ मिटर आरसिसी तथा मङ्गलाघाटस्थित म्याग्दी किनारमा करिब ६० मिटर पर्खाल निर्माण गरिनेछ । चार मिटर फराकिलो जगदेखि दुई मिटरमाथिबाट ५० सेन्टिमिटर बाक्लो र पाँच मिटर अग्लो आरसिसी पर्खाल बनाउन लागिएको हो । कालीगण्डकीमा गत असार १ गते आएको बाढीले बेनीको सङ्गमचोक पछाडि र कालीपुल बसपार्क क्षेत्रमा कटान गरेको थियो । नदी नियन्त्रणको काम बर्खाअघिनै सम्पन्न गर्नुपर्ने स्थानीय टङ्क हमालको सुझाव छ । जोखिमयुक्त जिल्ला सदरमुकामको सूचीमा रहेको बेनी बजारमा एक हजारभन्दा बढी परिवारको बसोबास छ । परियोजनाले गत वर्ष म्याग्दी बेनीतर्फ रु तीन करोड तथा पर्वत बेनीतर्फ रु दुई करोड बराबरको नदी नियन्त्रणको काम गरेको थियो ।

# देउरालीचोक-बोक्से सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
**बागलुङ, १९ माघ**

बागलुङ बजारदेखि १२ किलोमिटरमा पुग्न सकिने सिगाना पुग्न सवारी साधनहरूलाई दुई घण्टा लाग्थ्यो । उकालोमा जेनतेन गाडीले ताने पनि समथर भागमा सवारी फसेर हैरान हुन्थ्यो । बागलुङ बजारको देउराली चोकदेखि बोक्सेसम्मको जम्मा २.६ किमी सडक पार गर्न एक घण्टा लाग्थ्यो । तर पछिल्लो चार वर्षका अवधिमा सिगाना पुग्ने सडक निकै सुधार भएको छ ।

सिगाना पुग्ने सडकअन्तर्गत बागलुङ बजारदेखि बोक्सेसम्मको सडक अहिले पूरै पक्की भएको छ । देउराली चोकदेखि सवारी फस्ने स्थानमा सडक ढलान र अन्य स्थानमा कालोपत्र गरी पछिल्लो चार वर्षका अवधिमा सडक पक्की भएको हो । योसँगै बागलुङ बजारदेखि सिगाना पुग्ने सडक बोक्सेसम्म निकै सहज भएको छ भने सिगाना पुग्न लाग्ने यात्राको समयसमेत छोटिएको छ ।

बागलुङ बजारदेखि बोक्से पुग्नै सवारीलाई एक घण्टा लाग्ने गरेकामा अहिले सडक कालोपत्र भएपछि निकै सहज भएको बागलुङ बजारदेखि सिगाना सडकमा नियमित सवारी साधन चलाउँदै आउनुभएका सवारी चालक गोविन्द शर्माले जानकारी दिनुभयो । "देउराली चोकदेखि बोक्से पार गर्नै समस्या हुन्थ्यो, बर्खाको समयमा मात्र नभएर हिउँदमा समेत सवारी फस्ने गर्दथ्यो," उहाँले भन्नुभयो, "अहिले कतै ढलान र कतै कालोपत्र गरेर बोक्सेसम्मको सडक पक्की बनेको छ, अहिले त देखिराली चोकबाट १० मिनेटमै बोक्से पार गर्न सकिन्छ ।" चालक शर्माका अनुसार सिगाना जाने सडक पहिलाको तुलनामा अहिले निकै सुधार भएको छ । साँघुरो सडकलाई अहिले ६ मिटर कायम गरी पक्की बनाइएको बागलुङ नगरपालिकाका नगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । लगातार चार वर्षको प्रयास र सबै वर्षको बजेट जोड्दा झन्डै रु साढे दुई करोडका लागतमा अहिले बोक्सेसम्मको सम्पूर्ण सडक पक्की भएको पौडेलको भनाइ छ । "सिगाना जाने सडकको सबैभन्दा समस्या बागलुङ नगरपालिका-३ अन्तर्गत नै धेरै सडक मर्मत तथा कालोपत्र भएको छ तर यस्ले सिगानाका यात्रुलाई सहज भएको छ," नगप्रमुख पौडेलले भन्नुभयो, "अहिले सेरामा धमाधम सडक कालोपत्र भइरहेको छ, बागलुङ बजारभित्रका अन्य सडकसमेत सडक बोर्डको साझेदारीमा कालोपत्र कार्य भइरहेको छ ।"

बजारदेखि बोक्से जाने सडक गत वर्ष ७०० मिटर र अहिले ८०० मिटर सडक कालोपत्र भएपछि बोक्सेसम्मको सम्पूर्ण सडक पक्की भएको बागलुङ नगरपालिकाका इन्जिनियर मनोज शर्माले जानकारी दिनुभयो । पक्की भएको २.६ किलोमिटर सडकमध्ये झन्डै ५०० मिटर सडक भने ढलान गरिएको र अन्य सडक कालोपत्र गरिएको शर्माको भनाइ छ । यो आर्थिक वर्षमा आरएस निर्माण सेवासँग सडक बोर्ड र बागलुङ नगरपालिकाको साझेदारीमा रु एक करोड ३८ लाखको लागतमा ठेक्का सम्झौता भएर सडक कालोपत्र भइरहेको छ ।

यस वर्ष सिगाना जाने सडक बोक्सेसम्म कालोपत्र सम्पन्न भएसँगै उक्त बजेटले समिट चोक, अस्पताल रोडलगायत बागलुङ बजार क्षेत्रका भित्री तथा टुक्रे सडकको समेत कालोपत्र गर्दै विस्तारै बागलुङ बजारलाई खाल्टाखुल्टी मुक्त गराउने नगरपालिकाको अभियान रहेको छ ।

# कोभिड घटेपछि भरतपुर अस्पतालमा नियमित सेवा

**रासस**
**चितवन, १९ माघ**

कोरोना सङ्क्रमण बढेसँगै बन्द गरिएका भरतपुर अस्पतालको सेवा पुनः सञ्चालन गरिने भएको छ । अस्पतालले स्थगित गरेको ओपिडी सेवा र नियमित शल्यक्रिया यही बिहीबारबाट पुनः सञ्चालन गर्न लागेको हो । माघ ९ गतेदेखि यी सेवा स्थगित गरिएको थियो ।

अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट प्राडा कृष्ण पौडेलका अनुसार कोरोना जोखिमका कारण बन्द गरिएको सेवा सञ्चालनमा ल्याउन लागिएको हो । उहाँले भन्नुभयो, "अस्पतालमा कोरोना सङ्क्रमित बिरामीको चाप घटेसँगै स्थगित गरिएका सेवा सञ्चालन गर्न लागिएको हो ।" चिकित्सक, स्वास्थ्यकर्मी सङ्क्रमित हुने क्रम बढेपछि अत्यावश्यक सेवाका लागि जनशक्ति कम भएकाले यी सेवा स्थगित गरिएको थियो । कोरोना कहरपछि शल्यक्रिया नगरेपनि हुने खालका बिरामीलाई सेवा बन्द गरिएको थियो । यसैगरी बहिरङ्ग सेवामा चाप बढेपछि अस्पतालले बिहान ८.३० बजेबाट ओपिडि सेवा सञ्चालन गर्दै आएको थियो । अस्पतालले एक सूचना प्रकाशन गरी कोरोना सङ्क्रमणको जोखिम अझै कायम रहेको हुँदा अस्पतालमा सेवा लिन आउने सेवाग्राहीले स्वास्थ्य सुरक्षाका सबै मापदण्डलाई पूर्णपालना गर्न आग्रह समेत गरेको छ । अस्पतालमा हाल ४१ जना सङ्क्रमित भर्ना भएर सेवा लिइरहेका छन् । अस्पतालमा चितवनसहित १९ भन्दा बढी जिल्लाबाट बिरामी उपचारका लागि आउने गर्दछन् । यो केन्द्रीय अस्पताल हो ।

# विश्व सिमसार दिवस : सिमसार अतिक्रमणले जैविक विविधतामा ह्रास

– भीष्मराज ओझा

काठमाडौं, १९ माघ

हरेक वर्ष फेब्रुअरी २ मा मनाइने 'विश्व सिमसार दिवस' नेपालमा यस वर्ष 'दलदल, पानी, पोखरी र खोला, संरक्षण गरे सर्वहित होला' नाराका साथ विभिन्न कार्यक्रम गरी मनाइँदैछ।

मुलुकमा बढ्दो कोभिड-१९ को सङ्क्रमणका कारण तोकिएका जनस्वास्थ्यका मापदण्ड पालना गरी मधेस प्रदेशको अगुवाइमा सिमसार संरक्षणसम्बन्धी राष्ट्रियस्तरको कार्यक्रम कोसीटप्पु वन्यजन्तु आरक्षमा गर्न लागिएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जनाएको छ। विभाग, मधेस प्रदेशको उद्योग, पर्यटन तथा वन मन्त्रालय र कोसीटप्पु वन्यजन्तु आरक्ष कार्यालयको संयुक्त आयोजनामा मधेस प्रदेशका प्रदेश प्रमुख हरिशङ्कर मिश्र र वन तथा वातावरणमन्त्री रामसहायप्रसाद यादवको आतिथ्यतामा आरक्षको पश्चिमतर्फ सप्तरीमा कार्यक्रम गर्न लागिएको हो।

संरक्षित क्षेत्र र डिभिजन वन कार्यालयहरूमा स्वास्थ्यका मापदण्ड पालना गरी दिवसका विभिन्न कार्यक्रम गर्न लागिएको विभाग र वन तथा भू-संरक्षण विभागले जनाएका छन्। सिमसार भन्नाले पानीको मुहानलगायत दलदल एवं पानी जमेको क्षेत्रलाई जनाउँछ। जैविक विविधताको दृष्टिले महत्वपूर्ण प्राकृतिकस्थलका रूपमा रहेको सिमसारले विभिन्न प्रजातिका जीवजन्तु तथा वनस्पतिलाई बासस्थान प्रदान गर्नुका साथै मानिसलाई जीवनयापनका स्रोत प्रदान गर्छ। विभागका महानिर्देशक रामचन्द्र कँडेलले सिमसारले जलवायु परिवर्तन तथा भूविनाशको असरलाई न्यूनीकरण गर्दै पर्यावरणीय सुरक्षा कवचसमेतप्रदान गर्ने बताउनुभयो। सिमसारले वातावरण संरक्षण तथा पर्यापर्यटन विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। पर्यटकका लागि पौडी खेल्ने, डुङ्गा चलाउनेदेखि सिमसार क्षेत्रमा पाइने चराचुरुङ्गी, वन्यजन्तुको अवलोकनलगायतका प्राकृतिक सौन्दर्यताको अनुभव सिमसारले नै उपलब्ध गराउँछ।

सिमसारको अत्यधिक उपयोग, भूमि अतिक्रमण, पानीका मुहान तथा दलदल क्षेत्रको मर्मतसम्भार नहुँदा, मिचाहा प्रजाति आदिले सिमसारको संरक्षण र व्यवस्थापनमा चुनौती देखिएको उहाँले जानकारी दिनुभयो। यसबाहेक जलवायु परिवर्तनका असरले पोखरी सुक्दै गएका कारण पनि सिमसार क्षेत्र संरक्षणमा चुनौती थपिएका छन्।

यही विषयलाई मध्यनजर गरी सरकारले स्थानीय तहसँगको समन्वयमा सिमसार क्षेत्र संरक्षणसम्बन्धी विभिन्न कार्यक्रम अघि सारेको छ। विश्वको करिब नौ प्रतिशत र नेपालको करीब पाँच प्रतिशत भू-भाग सिमसार क्षेत्रले ओगटेको छ। नेपालका तराई, पहाड र हिमाली क्षेत्रमा अन्तर्राष्ट्रिय महत्व बोकेका सिमसार क्षेत्र छन्। विश्व संरक्षण सङ्घ नेपालको १९९८ को अभिलेखअनुसार नेपालमा १६३ सिमसार तराईमा छन् भने ७९ सिमसार हिमाली तथा पहाडी क्षेत्रमा छन्। सिमसार लाखौँ घुमन्ते चरा, माछा, उभयचर, किटपतङ्ग र बोटबिरुवाका लागि महत्वपूर्ण बासस्थान हो। विभागको तथ्याङ्क कानुसार नेपालमा पाइने १७२ लोपोन्मुख प्रजातिका वनस्पति र प्राणी सिमसारमा आश्रित छन्।

नेपालमा पाइने ८७८ प्रजातिका चरामध्ये १९३ प्रजातिका चरा, २० प्रजातिका मेरुदण्ड भएका जीवमध्ये १७ प्रजातिका जीव र सात हजार प्रजातिका वनस्पतिमध्ये २५ प्रतिशत सिमसारमा आश्रित रहेको विभागको तथ्याङ्क छ। त्यस्तै २४६ रैथाने फुल्ने प्रजातिका वनस्पति सिमसारमा आश्रित छन्। विश्वव्यापीरूपमा सिमसार क्षेत्रको संरक्षण र सवर्द्धन गर्ने उद्देश्यले सिमसार महासन्धि (रामसार महासन्धि १९७१) २ फेब्रुअरी १९७१ मा इरानको रामसार भन्ने सहरमा भएको थियो। रामसार महासन्धिमा हस्ताक्षर गरिएको दिन २ फेब्रुअरीलाई स्मरण गर्दै विश्व सिमसार दिवस मनाउन सुरु गरिएको हो।

रामसार महासन्धिले अन्तर ष्ट्रिय महत्व बोकेका तथा अति संवेदनशील सङ्कटापन्न र खतरापूर्ण जैविक प्रजाति वा पारिस्थितिकीय समुदायलाई आश्रय प्रदान गर्ने सिमसारलाई रामसारको सूचीमा सूचीकृत गर्ने गर्दछ।

हालसम्म यसमा आवद्ध देशको सङ्ख्या १७० पुगेको छ। साथै दुई हजार ३१४ सिमसार रामसारको सूचीमा सूचीकृत छन्। सन् १७ डिसेम्बर १९८७ का दिन नेपालले कोसीटप्पु वन्यजन्तु आरक्षलाई रामसार क्षेत्रमा सूचीकृत गरेर १७ अप्रिल १९८८ देखि रामसार महासन्धिको नेपाल पक्ष राष्ट्र बनेको हो। रामसार सूचीमा नेपालका कोसीटप्पु, घोडाघोडी ताल क्षेत्र, जगदीशपुर जलाशय, बीसहजारी ताल आसपासका तालहरु, रारा ताल, फोक्सुण्डो ताल, गोसाइँकुण्ड तथा आसपासका तालहरु, गोक्यो तथा आसपासका तालहरु, माईपोखरी र पोखरा उपत्यकाका ताल सूचीकृत छन्। यी सिमसार क्षेत्रले ओगटेको कूल क्षेत्रफल ६० हजार ५६१ हेक्टर छ।

सिमसार एक गतिशील, विविधतायुक्त र उर्वर पारि स्थितिकीय प्रणाली हो। सिमसारलाई जैविक, सामाजिक, पर्यावरणीय र आर्थिक दृष्टिकोणले मूल्यवान प्राकृतिक प्रणालीको अंश मानिन्छ। यसले पानीको स्रोत संरक्षण गर्नुका साथै यसको बहाव र गुणस्तर कायम गर्छ। सिमसार क्षेत्रले सिँचाइ, मत्स्यपालन, पर्यापर्यटन, कृषि उत्पादकत्व अभिवृद्धिमा सहयोग पुऱ्याउनेलगायत जैविक विविधताको दिगो व्यवस्थापनमार्फत राष्ट्रिय तथा स्थानीय अर्थतन्त्रमा समेत महत्वपूर्णयोगदानपुऱ्याएकोहुन्छ।

# खैरेकोटमा सामाजिक सुरक्षा भत्ता वितरण

पोखरापत्र संवाददाता

स्याङ्जा, १९ माघ



स्याङ्जाको हरिनास गाउँपालिका १ खैरेकोट, घरेडीको घरघरमा सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ। हरिनास गाउँपालिकाका अध्यक्ष खिमनारायण मानन्धरको नेतृत्वमा बृद्धभत्ता, एकल महिला भत्ता लगायतका सामाजिक सुरक्षा भत्ता वितरण गरिएको हो। कुमारी बैंक चित्रेभञ्याङसंगको समन्वयमा विभिन्न स्थानहरुमा गाउँपालिकाले सुरक्षा भत्ता वितरण गर्दै आईरहेको छ।

भौगोलिक दुरी तथा विभिन्न कारणले बैंकसम्म जान नसक्नेहरुका लागि उक्त सुरक्षा भत्ता वितरण गरिएको हरिनास गाउँपालिकाका अध्यक्ष खिम नारायण मानन्धरले जानकारी दिए। हाम्रो गाउँपालिकाको जनताको सुख दुख, समस्या बुझेर जनतालाई सेवा दिनु हाम्रो कर्तव्य हो त्यसैले अशक्त बृद्धबृद्धाको सेवाको लागि घरघरमै पुगेर सेवा दिनु हामीले दायित्व सम्झेर यो कार्य गर्दै आईरहेका छौ, अध्यक्ष मानन्धरले भने।

साथै उनले गाउँपालिकाका विभिन्न आवश्यक स्थानहरुमा सामाजिक सुरक्षा भत्ता वितरण गरिने जानकारी दिए।

सुरक्षा भत्ता वितरण कार्यक्रममा गाउँपालिका अध्यक्ष खिमनारायण मानन्धर, वडा नं. २ का अध्यक्ष पर्शुराम सिम्देल, कुमारी बैंक चित्रेभञ्याङका शाखा प्रमुख लगायतकाको सहभागिता रहेको थियो भने करीब ६० जनाले सामाजिक सुरक्षा भत्ता बुझेका थिए।

# राइनास बहुप्राविधिक शिक्षालय भवन बन्दै

पोखरापत्र संवाददाता

लमजुङ, १९ माघ

सङ्घीय सरकारको लगानीमा राइनास बहुप्राविधिक शिक्षालयको भवन निर्माण अघि बढेको छ। लमजुङको राइनास नगरपालिका-८ कुसुण्डेचौरमा सरकारको रु चार करोड ३३ लाखमा ३२ कोठे भवन निर्माण हुन लागेको शिक्षालयका प्रमुख ईश्वरीचन्द्र देवकोटाले बताउनुभयो।

उहाँले भन्नुभयो, "प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) को नाममा रहेको २३ रोपनी जग्गा, स्थानीयबाट उपलब्ध आठ रोपनी, राइनास नगरपालिकाले दिएको दुई रोपनी र वीरभक्ति माध्यमिक विद्यालयले भोगचलनका लागि दिएको २३ रोपनी गरी ५६ रोपनी जग्गामा भवनलगायत संरचना निर्माण हुन लागेको छ।" सिटिइभिटीको आङ्गिक शिक्षालयका रूपमा रहेको यस बहुप्राविधिक शिक्षालय भवन निर्माण पृथ्वीबैंसी जेभी काठमाडौँले जिम्मा लिएको छ।

भवन निर्माणमा एक वर्षको सम्झौता रहेकाले आगामी असार मसान्तसम्म निर्माण कार्य सम्पन्न गर्नुपर्ने बताएको छ। राइनास प्राविधिक शिक्षालयले विसं २०७७ असोज १५ गतेदेखि प्रशिक्षण सुरु गरेको थियो। बहुप्राविधिक शिक्षालयको भवन निर्माणपछि प्राविधिक शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई सहज हुने भएको छ। प्रतिविद्यार्थीले रु ५० हजारमा अध्ययन गर्न पाउने भएका छन्। त्यस्तै, रु पाँच हजार मात्र धरौटी राखे पुग्ने बताएको छ। गरिब तथा किसान वर्गको छोराछोरीलाई लक्षित गरी शिक्षालयले अध्यापन गराउँदै आएको देवकोटाको भनाइ छ। प्राविधिक जनशक्ति निर्माण गर्ने र आयआर्जनमा जोड्ने उद्देश्यसहित पठनपाठन भइरहेको उक्त शिक्षालयले जनाएको छ।

यतिबेला भवन अभावमा वीरभक्ति माध्यमिक विद्यालयको भवनमा राखेर अध्ययन गराउँदै आएकामा आफ्नै भवन निर्माणपश्चात् सहज हुने बताएको छ। देशभरका १३८ जना विद्यार्थी उक्त शिक्षालयमा तीनवर्षे प्रमाणपत्र तहको वन विज्ञान (रेन्जर) र आइएस्सी एजी (बाली विज्ञान) पढिरहेका छन्। उक्त शिक्षालयमा हाल १२ जना प्रशिक्षक रहेका छन्।

शिक्षालयले 'सिक, कमाऊ र तिर' को नीतिबाट विद्यार्थीलाई अघि बढाइरहेको शिक्षालय प्रमुख देवकोटाले भनाइ छ। शिक्षालयले थप व्यवस्थापनका लागि स्थानीय महादेव सामुदायिक वनसँग भोगाधिकारका लागि ८० रोपनी जग्गाको सम्झौता गरेको छ। यसको प्रक्रिया मन्त्रालयमा पुगेको बताइएको छ। हाल नर्सरी, ग्रिनहाउस, टनेलको व्यवस्थापन गरेकाले विद्यार्थीले आफैँ काम गरेर कमाउन सक्ने उक्त शिक्षालयले जनाएको छ।

राइनास नगरपालिकाका प्रमुख सिंहबहादुर थापाले वर्तमान समयमा सीपमूलक र रोजगार मूलक शिक्षाको आवश्यकता रहेको बताउनुभयो। प्राविधिक शिक्षाले सीपसँगै रोजगारको अवसर दिने भएकाले प्राविधिक शिक्षाको महत्व रहेको उहाँको भनाइ छ।

# सम्पन्नले मात्र होइन, विपन्नले पनि गाउँ छाड्न थाले

-ध्रुवसागर शर्मा

गलेश्वर, १९ माघ

म्याग्दीको ग्रामीण क्षेत्रमा वैदेशिक रोजगारी, सेवा सुविधाका लागि ठूला सहर र जिल्लाबाहिर बसाइँसराइ गर्नेको सङ्ख्या ह्वात्तै बढेपछि ग्रामीण क्षेत्र खाली हुँदै गएका छन्।

सङ्घीयताको प्रयोग ग्रामीण क्षेत्रसम्म पुगे पनि शिक्षादीक्षा, रोजगारी तथा अन्य विभिन्न कारणले सहरबजारमा झर्नेको सङ्ख्या नरोकिएसँगै ग्रामीण बस्तीमा प्रयोगविहीन अवस्थामा रहेका पुराना घर जीर्ण भएसँगै जनसङ्ख्या वृद्धिदर ऋणात्मक हुने अवस्थामा पुगेको छ।

विसं २०६८ मा एक घर परिवारभित्र ४.०९ जना रहेकामा केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको नेपालको जनगणना २०७८ को प्रारम्भिक नतिजामा ३.६७ जना मात्र बस्ने गरेको देखिन्छ। ग्रामीण क्षेत्रबाट सुविधाको खोजीमा बाहिरिनेको सङ्ख्या उकालो लागेको जनगणना कार्यालय म्याग्दीका पूर्वकार्यालय प्रमुख घनश्याम सापकोटाले बताउनुभयो। "बसाइँसराइको अवस्था चिन्ताजनक छ, गाउँका घर खाली भएको अवस्थामा सहरबजारबाटै विवरण सङ्कलन धेरै भएको छ," उहाँले भन्नुभयो।

उहाँले खाली भएका घरपरिवार वैदेशिक रोजगारी र सहरबजारमा धेरै रहेको बताउनुभयो। जिल्लाको ६ वटै स्थानीय तहमा समेत विसं २०६८ को जनगणनाअनुसार जनसङ्ख्या कमी रहेको देखिन्छ। जिल्लाबाट भारतसहित तेस्रो मुलुकमा विदेसिनेको सङ्ख्या १० हजार ७१३ रहेको छ। यसमा पुरुष आठ हजार ८४३ र महिला एक हजार ८७० छन्। पच्चीस हजार ३७४ घरधुरी २९ हजार २४२ परिवार सङ्ख्याको बसोबास छ। ९५.८७ लैङ्गिक अनुपात, औसत परिवारको आकार ३.६७ र जनघनत्व ४७ रहेको छ। जिल्लाको कूल जनसङ्ख्याको घरपरिवारमा अनुपस्थित अर्थात् विदेशमा अक्सर बसोबास गर्नेहरू ०.४९ प्रतिशत छ। वैदेशिक रोजगारीमा महिलाको तुलनामा पुरुषको सङ्ख्या अत्यधिक छ। पछिल्ला वर्षमा महिलासमेत तेस्रो राष्ट्रमा रोजगारीका लागि जाने प्रतिस्पर्धा भएकाले महिला र पुरुषको जनसङ्ख्याको अन्तर घट्दो रहेको छ।

श्रीमान् वैदेशिक रोजगारीमा गएपछि श्रीमती छोराछोरीलाई लिएर बजार झर्ने गरेकाले ग्रामीण बस्तीमा जनसङ्ख्या पातलिँदै गएको म्याग्दी बहुमुखी क्याम्पसका पूर्वप्रमुख रामजीप्रसाद सुवेदीले बताउनुभयो। "घर संरक्षणको अभावमा खाली हुँदा खेतबारी बाँझोमा परिणत भएको छ, सङ्घीयताले पनि गाउँ फर्किने वातावरण बनाउन सकेन।" उहाँले भन्नुभयो। उहाँले शिक्षित र आर्थिक रूपमा सम्पन्न मात्रै नभई विपन्न परिवारसमेत गाउँबाट विस्थापित हुन थालेकामा चिन्ता व्यक्त गर्नुभयो। सङ्घीय व्यवस्था लागू भएपछि गाउँघरमै सरकारी सुविधासहित शिक्षा, स्वास्थ्य लगायतका आधार भूत आवश्यकताले ग्रामीण बसाइमा आकर्षित गर्ने नसकेको अवस्थामा नयाँ जनसङ्ख्याको अवस्थालाई डेमोग्राफिक विश्लेषणको आवश्यकता देखिएको सुवेदीले बताउनुभयो।

बसाइँसराइको कारण ग्रामीण क्षेत्रका विद्यालयमा समेत विद्यार्थीको सङ्ख्या कम छ। गाउँमा उत्पादन भएका वस्तु सहरमा बिक्री हुने गरेको खाद्यान्न र कृषिजन्य वस्तु समेत बजारबाट आयात गर्नुपर्ने अवस्था छ। "युवाहरू विदेशमा छन्, अशक्त वृद्धवृद्धाको सेवा गर्नेहरूको समेत कमी छ," मालिका गाउँपालिकाकी उपाध्यक्ष खरमायाँ बिटालुले भन्नुभयो। उहाँले गाउँमै रोजगारीका लागि स्थानीय तहबाट विभिन्न योजनाहरू सञ्चालन गरे पनि आम्दानीको हिसाबले सन्तुष्ट हुने अवस्था नभएकाले सहर बजार र विदेश जाने गरेका बताउनुभयो। बसाइँसराइको कारण गाउँबस्ती पातलिँदै जान थालेपछि विरानो बन्दै गएको समेत जनप्रतिनिधिको भनाइ छ। म्याग्दीमा २०६८ सालको जनगणनाअनुसार एक लाख १३ हजार ६४१ जना जनसङ्ख्या रहेको जिल्लामा २०७८ को प्रारम्भिक नतिजामा एक लाख सात हजार ३७२ जना छ।

# मिनिटेलर मर्मत गर्न सिक्दै किसान

पोखरापत्र संवाददाता

बागलुङ, १९ माघ

परम्परागत हलोका सहारामा खेतबारी जोत्नेका हातमा अहिले मेसिन छ। सङ्घीय, प्रदेश र स्थानीय सरकारले अनुदानमा दिएका 'मिनिटेलर' हलो (आधुनिक हालो)ले परम्परागत शैली फेरिएको छ। कतिपयले व्यक्तिगत लगानीमा आधुनिक हलोको जोहो गरेका छन्।

केही वर्ष पहिलेसम्म दिनभर जोत्दा नसकिने खेतबारी अहिले एक/दुई घण्टामा जोतेर सकिन्छ। डिजेल र पेट्रोलका सहायतमा चल्ने 'मिनिटेलर' गाउँगाउँमा पुगेपछि हिजो गोरुका पछि हलोको अनौ समाउनेहरूले अहिले मिनिटेलरको गियर त चलाएका छन् तर प्राविधिक ज्ञानको अभावमा बीचमै रोकिने हलो मर्मत कसरी गर्ने भन्ने समस्या भने कायम थियो।

"किसानलाई उपकरण मात्रै होइन, प्राविधिक ज्ञानको पनि आवश्यकता छ, उपकरणको सही प्रयोग नहुँदा परम्परागत शैलीमा भन्दा धेरै दुःख हुन्छ", जैमिनी नगरपालिकाको कृषि शाखाका प्राविधिक रवीन्द्र शर्मा भन्नुहुन्छ, "एक वर्ष पहिलेसम्म हामीले प्रविधि मात्रै दियौँ, अहिले प्राविधिक ज्ञान पनि दिने अभियानमा छौँ।" कृषि शाखाले यस वर्ष मात्रै मिनिटेलर मर्मत गर्नसक्ने २१ किसान तयार पारेको छ। दस दिन लामो प्रयोगात्मक तालिमको व्यवस्था गरेर किसान आफैँले मेसिन मर्मत गर्नसक्ने बनाइएको छ। "घरको हलो बिग्रिँदा बजार पुऱ्याउनुपर्ने, मर्मत खर्च पनि किसानले धानिनसक्नुको महँगो", जैमिनीकै किसान प्रेम पौडेलले भन्नुभयो, "तालिम पाएपछि आफ्नो मात्रै होइन छिमेकीको हलो बिग्रिए पनि अब हामी आफैँ बनाउँछौँ।" तालिम पाएपछि किसानहरू उत्साहित छन्। जैमिनी नगर प्रमुख इन्द्रराज पौडेलले तालिमले प्राविधिक ज्ञान दिने र कृषकहरूलाई नै सहज बनाउने जानकारी दिनुभयो। किसान सबल नहुँदासम्म कोही पनि सुरक्षित नहुने उहाँको तर्क थियो। उहाँले नगरपालिकाले अनुदानमा दिएका कृषि सामग्रीहरू बिग्रिएर प्रयोगविहीन बनेकाले यो तालिमले कृषकहरूको सामग्रीको सदुपयोग हुनेमा आशा व्यक्त गर्नुभयो। कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र पोखराको प्राविधि सहयोग लिएर नगरले किसानलाई तालिम दिएको हो। कृषि मेसिनरी औजार मर्मत तालिम अवधिभर कृषकहरूले प्रयोगात्मक अभ्यास गरेका थिए। नगरले कृषि औजार बिग्रेको भए निःशुल्क मर्मतसम्भारसमेत गर्ने प्रबन्ध गरेको छ। "हामीले अहिले तयार गरेका किसानले अरूलाई पनि सिकाउँछन्," प्राविधिक शर्मा भन्नुहुन्छ, "अब प्राविधिक ज्ञानको अभावमा किसानले महँगो मूल्य तिरेर मर्मत गर्नुपर्ने बाध्यताको अन्त्य हुनेछ।" बागलुङका दसवटै स्थानीय तह र कृषि ज्ञान केन्द्र बागलुङले हरेक वर्षका कार्यक्रममा यान्त्रिकीकरणका लागि मिनिटेलर हलो वितरण गर्ने गरेका छन् भने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत समेत कृषिमा यान्त्रिकीकरण थालिएको छ।

# स्याङ्जा जिल्ला अस्पतालमा अक्सिजन प्लान्ट सञ्चालन

पोखरापत्र संवाददाता

पोखरा, १९ माघ

जिल्ला अस्पतालमा अक्सिजन प्लान्ट सञ्चालनमा आएको छ।

बिजुली नहुँदा जडान भएर पनि जिल्ला अस्पतालमा लामो समयदेखि अक्सिजन प्लान्ट सञ्चालनमा आउन सकेको थिएन। कोरोना भाइरसको सङ्क्रमणका समयमा अक्सिजन प्लान्टको महसुस गरी गत असारमा सो प्लान्ट स्थापना गरिएको हो। विद्युतको समस्याले त्यसयता प्लान्ट सञ्चालन गर्न नसकिएको प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले जानकारी दिनुभयो। "झण्डै सात/आठ महिनासम्म प्लान्ट प्रयोगविहीन अवस्थामा रह्यो", उहाँले भन्नुभयो, "नेपाल विद्युत प्राधिकरणसँगको समन्वय र सहयोगमा विद्युतको क्षमता विस्तार गरी प्लान्ट सञ्चालनमा ल्याइएको हो।"

कोरोना सङ्क्रमण दर बढ्दै गएपछि प्लान्ट सञ्चालनका लागि प्रजिअ पौडेलले समन्वय गर्नुभएको थियो। अक्सिजन प्लान्ट सञ्चालनमा आएसँगै अब जिल्लाका बिरामीलाई अक्सिजनको अभाव नहुने अस्पताल सञ्चालक समितिका अध्यक्ष ईन्द्रबहादुर गोदारले बताउनुभयो।

पन्ध्र एनएमक्यू क्षमताको उक्त प्लान्टले प्रतिघण्टा १५ हजार लिटर अक्सिजन उत्पादन गर्न सक्ने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रमेशप्रसाद आचार्यले जानकारी दिनुभयो। प्लान्टबाट दैनिक ७० देखि ७५ वटा सिलिण्डर भर्न सकिने उहाँले बताउनुभयो।